**जागरणः** कात्तिक २०६४ मा बैतडी, देहीमाण्डौका दलितहरूले कथित उच्चजातिका मानिसले बलि दिएका राँगा उठाएर मासु खान अस्वीकार गर्दै आफूमाथि हुँदैआएको जातीय भेदभाव र अपमानको विरोध जनाए । पछि कुहिन थालेको सिनो जसले बलि दिए तिनैले उठाएका थिए (तल) ।



FLAG WEAVING: As election fever gripped Bhairawa in March 2008, a group of tailors are busy stitching Nepali Congress flags on the sidewalk (above).

TOUCHABLE: These Dalits of Baitadi rose up against a tradition in which 'high caste' villagers killed water buffaloes for a festival, leaving the carcasses to be scavenged by 'untouchables'. When the Dalits refused anymore to eat the leftover meat in 2007, villagers were forced to bury the rotting buffaloes.

asianpaints
25 years in Nepal
SONY
BRAVIA
LCD TVs



**कपिलवस्तुको आगोः** ३० साउन २०६४ मा पूर्व माओवादी प्रतिकार समूहका नेता मोइद खान (इन्सेटमा)को हत्या गरेर भड्काइएको साम्प्रदायिक दङ्गाले कपिलवस्तुलाई खरानी बनायो । हत्यापछिका तीन दिनमा भएको आगजनी र हिंसामा करिब २० जनाले ज्यान गुमाए ।



IN FLAMES: Kapilbastu was engulfed in unprecedented communal riots after the murder of Moid Khan (inset), former leader of an anti-Maoist vigilante group on 15 August 2007. Up to 20 people were killed in three days of arson and pillage.

asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs




asianpaints
25
years in Nepal
SONY
BRAVIA
LCD TVs



**विदेशिनेको लर्को:** सरकारले पाँच हजार नेपालीलाई रोजगारीका लागि कोरिया पठाउने भएपछि ३-६ चैत २०६४ मा कोरियाली भाषा परीक्षा फर्म भर्न दशरथ रङ्गशालामा ३२ हजारको लाम लाग्यो । भारतबाहेक अन्य मुलुकमा काम गर्ने १४ लाख नेपालीले द्वन्द्व र राजनीतिक अस्थिरताबाट तहसनहस मुलुकको अर्थतन्त्रलाई वार्षिक रू.१ खर्बभन्दा बढी रेमिटेन्स पठाएर धानेका छन् । श्रम मन्त्रालयका अनुसार अहिले पनि दैनिक ५०० जना कामका लागि विदेशिन्छन् । खाडी मुलुकहरू जान हवाईजहाज चढ्दै नेपाली युवाहरू (तल) ।

LINING UP: After the government announced 5,000 vacancies for jobs in South Korea, 32,000 people lined up to get applications for their Korean language exam at the Dasrat Stadium in March 2008. There are now 1.4 million Nepalis working in foreign countries other than India and their remittances pump in Rs 1 billion a year to prop up the national economy. Gulf-bound Nepalis about to board their flight in Kathmandu (below).




asianpaints
25 years in Nepal
SONY
BRAVIA
LCD TVs




**खाद्य-सङ्कटः** बझाङस्थित विश्व खाद्य कार्यक्रमको फागुन २०६४ मै रित्तिन आँटेको गोदाम र केही महिनायता खाद्यान्नमा भएको मूल्यवृद्धिले भावी खाद्य सङ्कटको सङ्केत गरेको छ ।

asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs



FOOD INSECURITY: The depleted food stocks inside this WFP warehouse in Bajhang shows Nepal's precarious food situation made worse by a dramatic rise in food prices in the first four months of 2008.

asianpaints
25
years in Nepal
SONY
BRAVIA
LCD TVs



**मेघा म्याराथुनः** सगरमाथा म्याराथुन दौड्दै थामसेर्कुमा बेलायती अल्ट्रा धावक लिजी हकर र स्टेफेन पाइक । कात्तिक २०६४ मा भएको यौ दौडमा उनीहरूले सगरमाथा आधारशिविरबाट काठमाडौंको ३०२ किलोमिटर दूरी तीन दिन, दुई घण्टा ३५ मिनेटमा पूरा गरेर नयाँ रेकर्ड बनाएका थिए ।

MEGA MARATHON: British ultra-runners Lizzie Hawker and Stephen Pyke run past Thamserku on the Everest marathon in October 2007. They broke the previous record by completing the 302 km run from Base Camp to Kathmandu in 3 days, 2 hours and 35 minutes.

asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs




**क्रिकेटको ज्वरो:** नेपाली क्रिकेटमा महिलाहरू पनि आकर्षित हुँदैछन् । बैतडी, धनगढी, नेपालगञ्ज र काठमाडौंपछि पूर्वाञ्चलमा महिला क्रिकेट टीम बनेको छ । पुस २०६४ मा खेल अभ्यास गर्दै मोरङको विराटनगर र हरैचाका खेलाडीहरू ।




GENDER BENDER: A female cricketer practices her shots in Biratnagar. There is growing interest among Nepali women towards the game, not just in Kathmandu but in other parts of the country as well.

asianpaints
25 years in Nepal
SONY
BRAVIA
LCD TVs

**पर्यटनको उडानः** वैदेशिक मुद्रा र रोजगारीको एउटा प्रमुख स्रोत नेपालको पर्यटन शान्ति प्रक्रियासँगै फेरि फस्टाउन थालेको छ । विभिन्न साहसिक खेलहरू पर्यटक आकर्षणको केन्द्र बन्न पुगेका छन् । पोखराको फेवातालमाथि प्याराग्लाइडिङ गर्दै एक पर्यटक ।

**व्यावसायिकतातिरः** शहीद स्मारक 'ए' डिभिजन फूटबल लिग-२०६३ मा उत्कृष्ट खेलाडी भएर टोयोटा कार जितेका महेन्द्र पुलिस क्लबका कप्तान हरि खड्का (तल) । नेपाली खेल क्षेत्रमा देखिन थालेका यस्ता आकर्षक पुरस्कारले खेलेर पनि बाँच्न सकिन्छ भन्ने सन्देश दिएका छन् ।

WING AND A PRAYER: A paraglider swoops down for a landing near Phewa Lake in Pokhara (right). Adventure tourism saw a big upsurge after the ceasefire in April 2006. Mahendra Police Club captain Hari Khadga (below) won this Toyota sedan after being declared outstanding player during the Martyr's Cup A Division Football League in 2007.





asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs




asianpaints
25
years in Nepal
SONY
BRAVIA
LCD TVs



**पार्किङ छैनः** नेपाल आउने पर्यटक र अध्ययन-रोजगारीमा विदेशिने नेपालीको वृद्धिले हवाई उडानहरू बढेका छन् । दुई वर्षमा दर्जनभन्दा बढी विदेशी वायुसेवा नेपाली आकाशमा प्रवेश गरेका छन् । यसले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पार्किङलाई साँघुरो पारेको छ । एभिया क्लबको हलुका विमानमा पोखराको फेवाताल र शान्ति स्तूपमाथि कावा खाँदै एक पर्यटक (बायाँ) ।

SOARING TOURISM: Nepal's tourism has bounced back with the peace process, bringing in much needed hard-currency and employment. Kathmandu airport had frequent parking problems (below). A tourist in an ultralight belonging to Avia Club soars over Pokhara's lake and the peace stupa (left).




asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs




**'प्रचण्डपथ'मा डोजरः** खुला राजनीतिमा आउनेवित्तिकै जनताको मन जित्न माओवादीहरू राजधानीमा सरसफाईदेखि सडक चौडा पार्ने काममा सक्रिय भएका थिए । काठमाडौंको सोल्टीमोड-कलङ्की सडकमा डोजर लगाउँदै वाईसीएल ।

asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs









**खबरदारी:** माओवादीले चैत २०६३ मा काठमाडौंको उडल्याण्ड होटेलका मालिक हरि श्रेष्ठ (सबैभन्दा दायाँ) माथि भएको कुटपिट र सरकारी उपेक्षाको विरोधमा उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ, चेम्बर अफ कमर्शलगायत ७० भन्दा बढी व्यावसायिक संस्थाले काठमाडौंमा निकालेको जुलुस । खुला राजनीतिमा आएदेखि नै माओवादीको चन्दा आतङ्क, सम्पत्ति कब्जा, धम्की र कुटपिट जस्ता व्यवहार सहँदै आएका व्यवसायीहरू अनिश्चितकालीन बन्द आव्हान गरेर सडकमा उत्रिएका हुन् ।

DEMOLITION MEN: Maoist YCL cadre used bulldozers to demolish houses to widen the road from Kalanki to Soaltee Mode in July 2006 (overleaf). But their public relations efforts came to nought when they beat up people who refused to pay extortion money. Businessmen took out huge rallies when Hari Shrestha of Hotel Woodlands in Kathmandu was beaten up by Maoists in March 2007 (above).

asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs



**अस्ताउँदो सौर्यः** शाहवंशका इष्टदेव गोरखनाथको मन्दिरका मुख्य पुजारी साँझको पूजाआजापछि डुब्न लागेको सूर्यतिर हेर्दै । १४ फागुन २०६४ मा गोरखनाथ मन्दिरका मुख्य पुजारीबाट आशीर्वाद लिँदै संविधानसभा चुनावी अभियानमा गृहजिल्ला गोरखा पुगेका माओवादी नेता बाबुराम भट्टराई (इन्सेटमा) ।



EMPIRE OF THE SUN: The head priest of the Gorakhnath temple, the patron deity of the Shah dynasty, watches the sun set after evening prayers. The next day, he blessed Maoist ideologue Baburam Bhattarai (inset) who climbed up to the Gorkha Palace during election campaigning in February 2008.



**मिसन पूराः** जनआन्दोलनमा विजयको भोलिपल्ट १२ वैशाख २०६३ मा महाराजगञ्ज चक्रपथस्थित कोइरालानिवासको छतबाट आन्दोलनकारी जनतालाई अभिवादन गर्दै तत्कालीन सात दलका नेताहरू। यही आन्दोलनपछि सशस्त्र युद्ध छोडेर शान्ति प्रक्रियामा आएको नेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)लाई २ असार २०६३ मा गृहमन्त्री कृष्ण सिटौलाले कास्कीको सिकलेसबाट हेलिकोप्टरमा राजधानी ल्याएका थिए। त्रिभुवन विमानस्थलबाट गृहमन्त्रीको सरकारी गाडी चढेर प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग कुरा गर्न श्रीमती सीता पौडेलसहित पहिलो पटक बालुवाटार प्रवेश गर्दै प्रचण्ड (तल)।

DEMOCRACY WAVE: One day after the victory of People Power in April 2006, the leaders of the seven parties wave from the roof of Koirala's residence in Maharajganj (above). Maoist leader Pushpa Kamal Dahal arrived by helicopter in Kathmandu in May 2006 for the first time and was whisked away along with his wife, Sita, by Home Minister Krishna Sitaula in his car to Baluwatar for a meeting with Prime Minister Koirala (below).



asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs



**'सञ्चै छु':** जनआन्दोलनपछि बिरामी परेका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला केही दिन गङ्गालाल हृदय केन्द्रमा उपचार गराएर बाहिर निस्कँदै । जनआन्दोलनको बलमा पुनर्स्थापित संसदका सभामुख तारानाथ रानाभाटलाई आन्दोलनमा राजाको समर्थन गरेको भनी राजनीतिक दलहरूले अस्वीकार गरेपछि संसद बैठकको अध्यक्षता गर्दै उप-सभामुख चित्रलेखा यादव (तल) ।

WELL AGAIN: Prime Minister Girija Koirala emerging from hospital in May 2006 after falling seriously ill following the People's Movement (left). When the political parties didn't accept Taranath Ranabhat as speaker of the reinstated house in April 2006, deputy speaker Chitralekha Yadav (below) was appointed in his place.




asianpaints
25
years in Nepal
SONY
BRAVIA
LCD TVs



**उत्तराधिकारः** पुस २०६४ मा छोरी सुजातालाई विना विभागीय मन्त्रीको शपथ गराएर हात मिलाउँदै प्रधानमन्त्री कोइराला। सुजाता कोइरालालाई मन्त्री बनाउने प्रमको निर्णयबाट काङ्ग्रेस र कोइराला परिवारकै केही सदस्य समेत असन्तुष्ट भएका र कतिले यसलाई कोइरालाले आफ्नो उत्तराधिकारीको रूपमा अगाडि बढाएको ठानेका छन्।

HEIR APPARENT: Prime Minister Girija Koirala swearing in his own daughter as minister without portfolio January 2008. Many in the congress and within the Koirala clan were not happy with the move since they saw it as the prime minister trying to anoint his daughter as heir apparent.



**कानेखुसीः** संविधानसभा निर्वाचनको पूर्वाधार नभएको भनेर सरकार छोडेका माओवादीलाई सरकारमा फर्काएको ८ पुस २०६४ को २३ बुँदे सहमतिमा हस्ताक्षर गर्ने बेलामा कानेखुसी गर्दै वामनेताहरू एमाले महासचिव माधवकुमार नेपाल र माओवादी अध्यक्ष पुष्पकमल दाहाल।

LEFT EAR: Maoist leader Pushpa Kamal Dahal and the UML's Madhab Nepal exchanging whispers after signing a 23-point agreement that brought the Maoists back into government in December 2007.

asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs

**विवाद प्रेमः** १८ चैत २०६३ मा माओवादी सरकारमा सामेल भएदेखि नै चर्चा र विवादमा आएका वनमन्त्री मातृका यादव प्रधानमन्त्रीसँग खटपट परेपछि सरकारबाट बाहिरिए, माओवादी फेरि सरकारमा आएपछि मन्त्रीको शपथग्रहण नेपालीमा होइन आफ्नै मातृभाषामा गर्न पाउनुपर्छ भनेर बबण्डर मच्चाउँदै प्रधानमन्त्री कार्यालयबाट बाहिर निस्के । पछि आफ्नै सहकर्मी मन्त्री पम्फा भुषाल र हिसिला यमिले फकाएर ल्याएपछि प्रधानमन्त्रीले उनलाई मैथिली र नेपालीमा शपथ गराएका थिए ।



SWEARING: Maoist Forest Minister Matrika Yadav was never too far from controversy ever since he was sworn in the first time in May 2007. He resigned after a run-in with the prime minister. Later, he refused to speak in Nepali during his second swearing in and walked out, but was later brought back by fellow Maoist ministers Pampha Bhusal and Hisila Yami (above). Yadav later took the oath in his native Maithili and Nepali.

asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs

KILLING THE MESSENGER: The media was targeted during the royal dictatorship (right) but attacks didn't stop with the ceasefire. Wife and children of journalist Birendra Sah came to Kathmandu to meet political leaders (below). One month after his abduction, the Maoists admitted their cadre had killed Sah. Media also came under pressure from the Maoist trade union, which shut down two national dailies. The 1 October 2007 issue of Kantipur (below) was ready to go to press when Maoists vandalised the printing plant, and was never printed.








asianpaints
25
years in Nepal
SONY
BRAVIA
LCD TVs




**प्रेसमाथि हमला:** शाही शासनकालमा आक्रमणको तारो बनेको नेपाली प्रेसलाई लोकतन्त्र र शान्ति प्रक्रियापछि पनि निशाना बनाउन छोडिएन। १८ भदौ ०६४ मा बाराका पत्रकार वीरेन्द्रकुमार साहको अपहरणपछि खोजीका लागि दबाब दिन काठमाडौं आएका साहकी श्रीमती उमरावती र नाबालक सन्तान विवेक र लक्ष्मी (बायाँ माथि)। अपहरणको ३१ औं दिन मात्रै माओवादीले आफ्ना कार्यकर्ताले साहको हत्या गरेको स्वीकारेको थियो। माओवादी ट्रेड युनियनको दबाबबाट केही दैनिक पत्रिका छापिन समेत पाएनन्। छापाखानामा माओवादी अवरोधका कारण १४ असोज ०६४ मा नछापिएको कान्तिपुर दैनिकको प्लेट (बायाँ तल)।

asianpaints
25
years in Nepal
SONY
BRAVIA
LCD TVs



asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs




**राष्ट्रसंघीय अनुगमनः** नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसनका प्रमुख इयान मार्टिन जनआन्दोलनको प्रथम वार्षिकोत्सवको उपलक्ष्यमा ११ वैशाख २०६४ मा बसन्तपुरमा आयोजित कार्यक्रममा प्रदर्शित तस्बिर अवलोकन गर्दै । युद्धविरामअघि हेटौंडा नजिकैको एउटा माओवादी सैनिक शिविरमा परेड खेलिरहेका छापामार (तल) ।

UN MONITORING: The head of the United Nations Monitoring Mission in Nepal (UNMIN), Ian Martin, looks at photographs of the People's Movement on display at Basantapur Square to mark the first anniversary of the street protests on 24 April, 2007 (left). Maoist guerrillas going through their exercises at a Maoist camp near Hetauda before the signing of the ceasefire in June 2006 (below).



asianpaints
25 years in Nepal
SONY
BRAVIA
LCD TVs



asianpaints
25 years in Nepal
SONY
BRAVIA
LCD TVs



**कठघरामा नेताः** संविधानसभा निर्वाचनको आचारसंहिता उल्लङ्घन भएकोमा निर्वाचन आयोगले राजनीतिक दलका नेता तथा सरकारका पदाधिकारीहरूलाई आयोगमै बोलाएर सचेत गराउने गरेको छ । चुनावको १० दिनअघि १८ चैत २०६४ मा समेत दलका शीर्ष नेताहरूलाई आचारसंहिता पालना गर्न निर्देशन दिँदै प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल ।

CODE OF MISCONDUCT: Chief Election Commissioner Bhoj Raj Pokhrel regularly summoned party leaders in the run up to the constituent assembly elections to remind them about their violations of the code of conduct. Here he is lecturing them again ten days before elections.

asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs

**पहिचान मिल्योः** ६ पुस २०६४ मा सर्वोच्च अदालतले 'तेस्रो लिङ्गी'लाई नागरिकतालगायत राज्यका सुविधा दिन निर्देशन दिएपछि नेपालमा सङ्गठित भएर हकअधिकारको कुरा उठाउँदै आएको यो समुदायको अलग्गै पहिचान बन्न थालेको छ, जसलाई समलिङ्गीहरूले पनि आफ्नो विजय ठानेका छन् । कैलाश श्रेष्ठको नाममा पुरूषको नागरिकता लिएकी काठमाडौं नैकापकी भूमिका श्रेष्ठ नागरिकताको प्रमाणपत्र देखाउँदै (दायाँ) । पाँच वर्षअघि समलिङ्गी महिला जोडीका रूपमा नेपालमा पहिलो पटक सार्वजनिक बायाँबाट क्रमशः मीना नेपाली र सीमा सापकोटा तथा लक्ष्मी घलान र मीरा बज्राचार्य । नेपालमा पुरूष समलिङ्गीहरूको सङ्ख्या ७० हजार रहेको र उपत्यकामा मात्र १२ सय महिला समलिङ्गी सम्पर्कमा आएका सम्बद्ध संस्थाहरूको तथ्याङ्क छ ।



BREAKING TABOOS: In December 2007, the Surpeme Court instructed the government to recognise third gender individuals in citizenship papers. Bhumika Shrestha (formerly Kailash Shrestha) of Naikap shows the citizenship certificate in which she was required to be classified as male (right). Lesbian partners Mina Nepali-Sima Sapkota and Laxmi Ghalan-Mira Bajracharya (above, left to right) came out of the closet five years ago. There are an estimated 70,000 homosexuals in Nepal, and Kathmandu alone has 1,200 lesbians.

asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs






asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs




**अपराध र उन्मुक्तिः** वैशाख २०६३ पछि काठमाडौं र अन्य शहरमा अपराधको व्यापक वृद्धि भयो । कोटेश्वरबाट २४ भदौ २०६३ मा अपहरित बालक विवेक शर्मा लुइँटेलको शव फेला परेपछि असोजको पहिलो साता हत्याको छानबिनको माग गर्दै निस्किएको ऱ्याली ।
२४ माघ २०६४ मा चितवनमा पक्राउ परेका चर्चित भारतीय मिर्गौला व्यापारी डा. अमितकुमारलाई सरकारले कुनै प्रक्रिया पूरा नगरी हतारहतार भारत सरकारको जिम्मा लगायो (तल) ।

CRIME AND NO PUNISHMENT: The period after April 2006 saw a dramatic upsurge in crime in Kathmandu and other cities. Citizens took out a protest rally after the kidnapping for ransom and murder in February 2007 of eight-year-old Bibek Sharma. Indian kidney merchant, Amit Kumar (below), was arrested in Chitwan, and in a controversial move, the government hurriedly extradited him to India.



asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs



**चुपचाप विस्थापितः** मङ्सिर २०६४ मा परिवारसहित रौतहटबाट हेटौंडामा विस्थापित बृद्धले फुटेको ऐना हेरेर दाह्री खौरेको नियालिरहेकी नातिनी । राज्यले मधेशको असन्तोषलाई सही ढङ्गले सम्बोधन गर्न नसक्दा चर्किएको मधेश आन्दोलन र हिंसाले पुस्तौंदेखि तराईमा बस्दै आएका पहाडेहरूलाई ठूलो सङ्ख्यामा विस्थापित हुन बाध्य पारेका छन् ।
भदौ २०६४ मा आएको बाढीमा परेर बाँके, मनिकापुरमा ज्यान गुमाएका आमाछोरीको उद्धार गर्दै प्रहरी । बाँके र बर्दियाका सदरमुकामसहित दुईदर्जन गाविस डुबाएको सो बाढीमा १२ जनाको ज्यान गएको थियो भने १४ हजार ३९२ परिवारका एकलाखभन्दा बढी विस्थापित भएका थिए (तल) ।

LOOKING GLASS WAR: A girl looks on as her grandfather shaves in Hetauda after the family fled Rautahat fearing violence in November 2007. The inability of the state to address Madhesi grievances led to many Pahadi families being displaced from the tarai where they had been living for generations. A mother and daughter who were killed by a collapsing house during floods in Banke (below) being taken away by police in August 2007.



asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs



asianpaints
25
years in Nepal
SONY
BRAVIA
LCD TVs




**सयौं थुङ्गाः** काठमाडौंको एउटा विद्यालयमा नयाँ राष्ट्रियगान घोकिरहेका बालिबालिका । पहिलो पटक राजाको स्वस्ति नगाएर राष्ट्रिय विविधताको गुणगान गरिएको कवि व्याकुल माइलाको 'सयौं थुङ्गा फूलका हामी ...' बोलको गीत खुला प्रतिस्पर्धाबाट सङ्कलित १२९२ रचनामध्येबाट राष्ट्रियगान छानिएको थियो, जसमा अम्बर गुरूङले सङ्गीत दिएका छन् ।

asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs




MAY A HUNDRED FLOWERS BLOOM: Children at a school on the outskirts of Kathmandu memorise Nepal's new national anthem that for the first time doesn't wish a long life to the monarch, but extols the nation's diversity.

asianpaints
25
years in Nepal
SONY
BRAVIA
LCD TVs



asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs




**कस्तो बिझायो:** बालुवाटारमा आयोजना हुने चियापानमा सधैं सञ्चारमाध्यमको आकर्षण बन्ने प्रम कोइराला १० माघ २०६३ को चियापानमा उपेक्षामा परे । यसअघि १० वर्षको हतियार राजनीति त्यागेर बालुवाटारबाटै सार्वजनिक भएका प्रचण्ड कार्यक्रममा पुग्नासाथ पत्रकारहरू उनकै वरिपरि झुम्मिए । प्रमलाई अप्ठ्यारो लागेछ क्यारे, आँखा मिच्न पो थाले ।

BORED STIFF: Prime Minister Girija Prasad Koirala turns away as Pushpa Kamal Dahal hogs the media spotlight at a joint press conference in Baluwatar in January 2007.

asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs



**माग पूराः** लोकतान्त्रिक सरकारले लामो समयदेखिको मधेशी जनताको नागरिकताको माग पूरा गरेपछि तराईमा नागरिकताको प्रमाणपत्र लिँदै एक परिवार । तराईका विभिन्न जिल्लामा झण्डै २३ लाख प्रमाणपत्र वितरण भएपछि ४० देखि ६० लाख मधेशी नागरिकताबाट वञ्चित छन् भन्ने सस्तो राजनीतिक प्रचार हुन छाडेको छ ।

MADHESI CITIZENS: A family in the tarai gets its citizenship certificates, fulfilling a long-standing demand of the Madhesi people. Nearly 2.3 million Madhesis got their citizenship papers.

asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs



asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs



**फोटो सेसनः** लामो कसरतपछि २९ मङ्सिर २०६३ को रातभरि बसेर अन्तरिम संविधानलाई अन्तिम रूप दिएका सात दलका नेताहरू १ पुस बिहानै बालुवाटारमा सामूहिक फोटो खिचाउँदै । प्रेसलाई वर्जित सो अवसरमा खिचिएको यो तस्बिर एमाले महासचिव माधवकुमार नेपालले उपलब्ध गराउनुभएको हो । पछि विभिन्न समूह र क्षेत्रको माग समेट्ने क्रममा अन्तरिम संविधानमा अहिलेसम्म तीन पटक संशोधन भइसकेको छ ।

PHOTO OPPORTUNITY: After an all-night session political leaders finally agreed on the interim constitution in December 2006. The press was kept out, and this picture was taken by UML leader Madhab Kumar Nepal's camera. The interim constitution has since been amended three times to accommodate the demands of various groups.

asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs

अनेकतामा एकता: पुस २०६४ मा काठमाडौंमा आयोजित संयुक्त जुलुश र सभामा सात दलको एकता ।




UNITY IN DIVERSITY: Seven parties make a show of unity at a joint rally in Kathmandu in January 2008.

asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs



**रामदेवको प्रभावः** लामो समयदेखि भारतीय योगगुरू रामदेवलाई टेलिभिजनमा हेरेर योग सिक्दै आएका नेपालीहरूले असोज २०६४ मा काठमाडौंको टुँडिखेलमा आयोजित योग शिविरमा उनीबाटै प्रत्यक्ष सिक्ने मौका पाए । शिविरमा शीर्षासन गर्दै रामदेवका एक अनुयायी ।

MASS YOGA: Long used to watching Indian guru Ramdev on television, Nepalis got a chance to take part in his mass yoga exercise on Tundikhel in September 2007 as an instructor does a headstand.



**चलचित्रको छलाङः** नेपाली चलचित्रमा पनि बलिउड र हलिउडमा झैं खतरनाक एक्सनको छायाङ्कन हुन थालेको छ । २६ मङ्सिर २०६४ मा चलचित्र 'मिशन लभ इन सिक्किम'मा काठमाडौंको चोभारमा ८० फिट माथि हेलिकोप्टरबाट हाम फाल्दै अभिनेत्री रूश्मा राई ।

NO FEAR OF HEIGHT: Nepali actress Rusma Rai jumps from a helicopter in Chobhar on the sets of the film Mission Love in Sikkim in November 2007.



**जाडोको फेशनः** १२ पुस २०६४ मा सम्पन्न आईईसी फेसन डिजाइन कम्पिटिसन-२००७ मा पातका भित्री पहिरन लगाएर क्याट्वाक् गर्दै मोडल सृष्टि श्रेष्ठ । पुसको पहिलो साता सम्पन्न चौथो ल्याक्मे नेपाल फेसन सप्ताह-२००७ मा सुपर मोडल सोनु पौडेल ।

CATWALKING IN KATMANDU: Model Shristi Shrestha at the IIC Fashion Design Competition 2007 shows off a bikini made of leaves, while supermodel Sonu Poudel on the catwalk of the annual Lakme Nepal Fashion Week 2007.





asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs




asianpaints
25
years in Nepal
SONY
BRAVIA
LCD TVs



**माओवादीको 'शत्रु':** आठ वर्षअघि माओवादीले द्वन्द्वका बेला भत्काइदिएको झोलुङ्गे पुल अझै नबनेकाले मुगु कर्णाली नदी तर्ने योभन्दा अर्को उपाय छैन । बिरामी आफन्तलाई तुइनको सहयोगले तारेर स्वास्थ्यकेन्द्र लैजाँदै एक महिला ।

A BRIDGE TOO FAR: The bridge over the Mugu Karnali destroyed by the Maoists during the conflict hasn't yet been rebuilt. A woman takes her sick relative across to a health post on the other side on a wire bridge.

asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs



**दुर्घटना या लापरवाहीः** १० पुस २०६४, धान्यपूर्णिमाको दिन सुर्खेतको मेहलकुनाको मेलामा चुँडिएको भेरीको झोलुङ्गे पुल–दुर्घटनाभन्दा पाँच मिनेटअघि र पछि । तत्कालै २० जनाको मृत्यु भएको उक्त घटनामा केही दिनपछिसम्म पनि लाशहरू भेट्टिँदै थिए । निर्माणमा त्रुटिका कारण सञ्चालनमा आएको महिना दिनमै पुल चुँडिएको सरकारी छानबिनले औंल्याएको छ ।

ACCIDENT OR NEGLIGENCE: This bridge over the Bheri in Surkhet was packed with pilgrims during a full moon festival in December 2007 when the suspension broke, plunging them into the icy river below. At least 20 people were killed.

The picture above was taken about five minutes before the bridge collapsed and the picture below just after.





asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs

ROMANTIC BLIZZARD: Kathmandu got its first snow in 60 years on Valentine's Day in 2007.

**हिउँको होली:** ६० वर्षको अन्तरालपछि २०६३ फागुनमा काठमाडौं उपत्यकाको शहरी क्षेत्रमा समेत हिउँ पऱ्यो ।



asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs



asianpaints 25 years in Nepal
SONY BRAVIA LCD TVs

Photographers:

| | |
|---|---|
| Anup Prakash | 27 (below), 62, 94 |
| Bimalchandra Sharma/INSEC | 52 (below) |
| Bikash Karki | 71 |
| Chandra Man Maharjan | 33 (Below), 49 |
| Dambar Krishna Shrestha | 15 (below), 27 (above left & below), 55 (below), 79 |
| JB Pun | 53 |
| Kiran Panday | 2-3, 6-7, 8-9, 12-13, 14-15, 18, 24 (below), 26, 28-29, 30-31, 38-39, 40, 42-43, 45, 48, 60, 61, 63, 64, 65, 68, 69 (below), 70 (above), 72, 75, 76-77, 78, 81, 82-83, 84-85, 86-87 |
| Kanak Dixit | 17 (above) |
| Kunda Dixit | 10-11 |
| Mark Hartell | 58-59 |
| Manoj Shrestha | 59 (below) |
| Min Ratna Bajracharya | 4-5, 21 (above), 16-17, 21 (above), 24 (above left), 33, 34-35, 36-37, 52 (above), 54-55, 69 (below), 70 (below), 72-73, 80-81, 88-89), 92-93 |
| Nick Meynen | 96-97 |
| Prakash Mathema | 25 (below) |
| Rajesh KC/Kantipur | 22-23, 98-99 |
| Rameswor Bohara | 11 (below), 82 |
| Sam Kang Li | 44, 56-57, 66-67, 91 |
| Shailendra Kharel | 25 (above) |
| Sumit Dayal | 20, 46-47 |
| Suresh Maharjan | 74-75, 94-95 |
| Tila Bhandari | 97 (below) |
| Wong Shu Yun | 27 (right) |

[Page 90 courtesy: Madhab K Nepal]







Coordinators:
Kunda Dixit and Kundan Aryal

Research and captions:
Badri Paudyal
Kiran Nepal
Purna Basnet
JB Pun Magar
Dharmaraj Dahal
Dhruba Simkhada
Dambar Krishna Shrestha
Indra Shrestha
Suresh Raj Neupane
Kamaldev Bhattarai
Kamsing Chepang

Design:
Bilash Rai

Chief Executive Officer, Himalmedia: Ashutosh Tiwari
Director of Sales & Marketing: Sunaina Shah
Corporate Team: Bindira Shakya, Samir Maharjan, Sudan Bista
Administration: Basanta Ale Magar, Bir Bdr. Tamang, Ek Raj Chepang, Kiran Maharjan Pradeep Basnet, Rajiv Baniya, Ravi KC, Sadananda Yadav, Sanu Babu Tamang, Shobhana Shrestha, Shoome Rana, Som Bdr. Gole, Subarna Thapa, Surendra Sharma
Finance & Revenue: Karma Lama, Laxman Khatiwada, Pranita Mali, Rabindra Man Joshi Ram Krishna Banjara, Rinzeena Malla, Umesh khadka
Marketing: Arjun Karki, Ashis Khadka, Bishwas Acharaya, Deepak Sangraula Sambhu Guragain, Sashim Lama, Subash Kumar Das, Tanka Sitaula
Sales & Subscriptions: Bipin Shah, Chandra Kala Limbu, Dham Bhattrai, Manohar Singh KC, Muniraj Koirala, Nawaraj Guragain, Prakash Raut, Radhe Shyam Gajurel, Resham Thapa, Sahadev Koirala, Sanjaya Thapa
Housekeeping: Bishnu Kumar Tamang, Jagat Bdr. Ale, Kumar Bdr. Karki, Kumar Yonjan Tamang Ram Bdr. Tamang, Sanu Kancha Tamang

himalmedia


engine of the year
Moves you even while it sits still.
➢ Best Crossover SUV ➢ 2.5 litre SUBARU BOXER engine, winner of International Engine of the Year ➢ Made in Japan ➢ Symmetrical AWD ➢ 0-100 kms/h in 9.7 seconds. Fastest SUV in its class in Nepal ➢ Sun Roof, Automatic Climate Control AC, Aluminum Alloy wheels, 5-Star Safety rating, 6 Air bags, 6 Stack CD system with 7 speakers, Side Defroster Windows and many more such exclusive features that will surely move you.
Call 4427019 for a test drive, today
SUBARU
FORESTER


CHEVROLET
GM
The New Optra Magnum Diesel
POWERED
TO TAKE OVER THE ROAD
• 2.0 L Turbo Charged Common Rail Direct Injection 16V SOHC Next Generation Diesel Engine
• Highest Torque of 314 Nm at the lowest rpm of 2125
• Top speed of 190 kmph
• Best build and best ride
• X-PRO safety system with ABS and Airbags
• Luxurious interiors and European styling
AUTOCAR VERDICT 9/10
0 to 100 kmph in 9.8 sec
NEXT GENERATION
THE FURY OF 121 PS
DIESEL ENGINE
OPTRA MAGNUM
Go for a power drive NOW!
Enjoy the drive
vchitra/YM/08
Vijay Motors Pvt. Ltd., Bhagwati Bahal, Sanogaucharan Road, Naxal, Kathmandu, Nepal Tel: 4414625/4433205/4426990


BAJAJ
Distinctly Ahead
THE FUTURE IS HERE!
Experience Futuristic Technology and out of the world styling with the Oil-cooled 200cc Bajaj Pulsar DTS-i.
pulsar
OIL COOLED
200
PRISMA - O&M/08
Sole Authorised Dealer:
HH
Hansraj Hulaschand & Co. Pvt. Ltd.
Teku Road, Kathmandu. Ph. No: 4220094/4230001/4261200